संघीय संसद

राष्ट्रिय सभा

सोह्रौं अधिवेशन

बैठक-८

२०८१ जेठ १३ गते, आइतवार

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:२४ बजे*
*बैठक स्थगित : १:५८ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको आठौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२४ बजे प्रारम्भ भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको कारबाही प्रारम्भ भएको जानकारी दिँदै गर्दा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आ-आफ्नो आसन अगाडि उभिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूलाई बसेर बैठकको कामकारबाहीलाई अगाडि बढाउनको निमित्त आग्रह गर्नुहुँदा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले आग्रह अस्वीकार गर्दै उभिइरहनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले यथा स्थानमा बसेर सभाको कामकारबाहीलाई अगाडि बढाउन फेरि पनि अनुरोध गर्नुभयो र सभाको कामकारबाही अगाडि बढाउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्य डा. अन्जान शाक्यलाई विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन गर्नुहुँदा सत्ता पक्षका माननीय सदस्यहरूले सहमति जनाउनुभयो ।

तत्पश्चात्, प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आ-आफ्नो आसनबाट अगाडि आएर संसदीय समिति गठन गर भन्ने नाराबाजी लगाइरहेकै अवस्थामा सम्माननीय अध्यक्षले सभाको कामकारबाहीलाई निरन्तरता दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई "सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८१ साल जेठ १ गते मङ्गलबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले उक्त प्रस्ताव सभासमक्ष पेस गर्नुभयो ।

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो । त्यसपछि, सम्माननीय अध्यक्षले आथिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि माननीय सदस्य तुल प्रसाद विश्वकर्माबाट संशोधन प्रस्ताव प्राप्त भएको बताउँदै संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्य उर्मिला अर्याललाई समय उपलब्ध गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त छलफलमा सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुदैं सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा सम्माननीय प्रधानमन्त्रीले छलफलमा उठेका प्रश्नको जवाफ दिनुभयो । तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि संशोधन पेस गर्नुहुने संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुहुँदा उहाँहरूले संशोधन प्रस्तावहरू फिर्ता नलिने जानकारी गराउनुभयो र सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट संवत् २०८१ जेठ १ गते मङ्गलवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री वर्षमान पुनलाई "आर्थिक वर्ष २०८०/०८१ को आर्थिक सर्वेक्षण" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय अर्थ मन्त्री वर्षमान पुनले उक्त सर्वेक्षण सभासमक्ष पेस गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "मिडिया काउन्सिल विधेयक, २०८०" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा जानकारी गराउनुभयो र माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "मिडिया काउन्सिल विधेयक, २०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा उक्त विधेयक सभासमक्ष पेस गर्नुभयो ।

त्यसपछि, सम्माननीय संवत् २०८१ साल जेठ १५ गते मङ्गलवार अपराह्न १:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा माननीय अर्थ मन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुहुने बताउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति २०८१ साल जेठ १५ गते मङ्गलवार अपराह्न ४ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव